# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

---

**खण्ड : ४** **संख्या :१२** **भदौ १९, २०८१**

---

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०५/१८ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | आ.व. २०८१/०८२ को लागि गुल्मीदरबार गाउँपालिकाकाको स्वीकृत योजना तथा कार्यक्रम अनुसार विभिन्न निकायबाट प्राप्त हुने बजेट अनुसार गाउँपालिकाद्वारा विनियोजन भएका योजनाको कार्यान्वयन गर्न लुम्बिनी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८१/०४/१३ गतेको बजेट कार्यान्वयन मार्गदर्शन बमोजिम रु ५ लाख वा सो भन्दा बढीको स्वीकृत सवै कार्यक्रमहरु प्याकेजिङ गरी सार्वजनिक प्रतिस्पर्धा गराएर मात्र कार्यान्वयन गर्न ठेक्का प्रकृया अगाडी बढाउने। |
| ३ | गाउँपालिकाका स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने तपशिल बमोजिमका कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयनमा लैजानेः<br>(क) गुल्मिदरवार गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१<br>(ख) गुल्मीदरबार गाउँपालिकाका अविवाहित नागरिकको लागि भत्ता वितरण सम्बन्धी कार्यविधि, २०८१ |
| ४ | कार्यक्रम कार्यान्वयनको क्रममा देखिएका असहजतालाई कानूनी प्रकृयाबाट थप सहज बनाउन गाउँपालिकाद्वारा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएका तपशिल बमोजिमका कार्यविधिलाई संशोधन गर्न आवश्यकता महसुश भएकोले संशोधन स्वीकृत गरी कार्यान्वयनमा लैजानेः<br>(क) विद्युत महशुल भुक्तानी सम्बन्धी कार्यविधि, २०७९ को पहिलो संशोधनको |

## तीन महले विवरण

| क्र.सं.. | दफा नं. | भएको व्वस्था | संशोधनका लागि प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १ | २(च) | (च) "विद्युत महशुल" भन्नाले गुल्मीदरबार गाउँपालिका अन्तर्गत नेपाल विद्युत प्राधिकरण अन्तर्गत न्यूनतम २० युनिट सम्म तथा सामुदायिक विद्युतको हकमा १० युनिट सम्म प्रयोग गर्ने ग्राहकहरुको महसुल गाउँपालिकाबाट भुक्तानी गरिदिने प्रक्रियालाई सम्झनुपर्दछ । | (च) "विद्युत महशुल" भन्नाले गुल्मीदरबार गाउँपालिका अन्तर्गत नेपाल विद्युत प्राधिकरण तथा सामुदायिक विद्युत प्रयोग गर्ने ग्राहकहरुको न्यूनतम् विद्युत महसुल गाउँपालिकाबाट भुक्तानी गरिदिने प्रक्रियालाई सम्झनुपर्दछ । | आर्थिक ऐन अनुसार कार्यविधी शंसोधन गर्नुपर्ने भएकोले |
| २ | २(छ) | (छ) "न्यूनतम खपत युनिट" भन्नाले गुल्मीदरबार गाउँपालिका अन्तर्गत नेपाल विद्युत प्राधिकरण अन्तर्गत न्यूनतम २० युनिट सम्म तथा सामुदायिक विद्युतको प्रयोग गर्नेको हकमा १० युनिटलाई सम्झनुपर्दछ । | (छ) --- (खारेज) | आर्थिक ऐन अनुसार कार्यविधी शंसोधन गर्नुपर्ने भएकोले |

| | | | | |
|---|---|---|---|---|
| ३ | ३.(छ) | छ) रकम जम्मा गरेको नगदी रसिद तथा भुक्तानी गरेको विलभरपाई सहितको विवरण सम्बन्धित संस्थाले गाउँपालिकामा पेश गर्नुपर्ने छ । | छ) रकम जम्मा गरेको विवरण सम्बन्धित संस्थाले गाउँपालिकामा पेश गर्नुपर्ने छ । | सम्बन्धित लाभग्राहीको पालिकाले उपलब्ध गराउने न्युनतम् विद्युत महसुल र उक्त ग्राहकले उपभोग गरेको विद्युत महसुल भुक्तानीको छुट्टाछुट्टै विल उपलब्ध गराउन व्यावहारिक नदेखिएकोले |

(ख) व्यवसाय दर्ता, नविकरण तथा कर सम्बन्धी कार्यविधि, २०७७ को पहिलो संशोधनको

## तीन महले विवरण

| क्र.सं.. | दफा नं. | भएको व्यवस्था | संशोधनका लागि प्रस्ताव गरिएको व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १ | ५(१,२,३,४) | १) दफा ४ बमोजिम दर्ता भएका ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसायको नवीकरण गराउनु पर्नेछ।<br><br>२) उपदफा (१) बमोजिम कर चुक्ता गरी नवीकरण गराउने कार्य प्रत्येक आर्थिक वर्ष भित्र गराई सक्नुपर्नेछ ।<br><br>३) उपदफा (२) बमोजिम करचुक्ता गरी नविकरण गर्ने कार्य चालु आर्थिक वर्षको आश्विन मसान्त भित्र गर्ने करदातालाई गाउँपालिकाको प्रचलित कानून बमोजिम छुट सुविधा उपलब्ध गराउन सकिनेछ।<br><br>४) कार्तिक १ गते देखि पौष मसान्त नविकरण गर्दा २५ प्रतिशत थप जरिवाना लाग्नेछ । माघ १ गते देखि चैत्र मसान्त सम्म नविकरण गर्दा ५० प्रतिशत थप जरिवाना लाग्नेछ । बैशाख १ देखि असार मसान्त सम्मको लागि ७५ प्रतिशत थप जरिवाना | १) दफा ४ बमोजिम दर्ता भएका ब्यवसायीहरुले वार्षिक रुपमा ब्यवसाय कर चुक्ता गरी ब्यवसायको नवीकरण गराउनु पर्नेछ ।<br><br>२) उपदफा (१) बमोजिम कर चुक्ता गरी नवीकरण गराउने कार्य अर्को आर्थिक वर्ष को असोज मसान्त भित्र गराई सक्नुपर्नेछ।<br><br>३) उपदफा (२) बमोजिम करचुक्ता गरी नविकरण गर्ने कार्य अर्को आर्थिक वर्षको आश्विन मसान्त भित्र गर्ने करदातालाई गाउँपालिकाको प्रचलित कानून बमोजिम छुट सुविधा उपलब्ध गराउन सकिनेछ ।<br><br>४) प्रत्येक वर्ष २५% थप हुँदै जाने | आम करदाताहरुको सुविधाका लागि |

| | | | | |
|---|---|---|---|---|
| | | लाग्नेछ । अर्को आर्थिक वर्षमा नविकरण गरेमा नविकरण नगरेको प्रत्येका आर्थिक वर्षको लागि १०० प्रतिशत थप जरिवाना लाग्नेछ । | | |
| २ | १४(१) | करदाताले ऐन र यस कार्यविधि बमोजिम प्रत्येक आर्थिक वर्षको निमित्त तिर्नुपर्ने कर रकम सोही आर्थिक वर्षको आषाढ मसान्तभित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ । | करदाताले ऐन र यस कार्यविधि बमोजिम प्रत्येक आर्थिक वर्षको निमित्त तिर्नुपर्ने कर रकम अर्को आर्थिक वर्षको असोजमसान्तभित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ । | आम करदाताहरुको सुविधाका लागि |
| ३ | २२ | १) गाउँपालिकाबाट बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ।<br><br>**<u>जरिवाना</u>**<br><br>क) मूल्यसूची नराखेमा रु. ५००।—<br><br>ख) दर्ता प्रमाणपत्र नराखेमा रु.१,०००।—<br><br>ग) तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा रु. २,०००।—<br><br>घ) व्यवसाय संचालन गर्दा स्वीकृत सामग्री वाहेक अन्य सामग्री बिक्री वितरण गरेमा रु. ३,०००।— | १) गाउँपालिकाबाट बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ ।<br><br>**<u>जरिवाना</u>**<br><br>क) मूल्यसूची नराखेमा रु. ५००।—<br><br>ख) दर्ता प्रमाणपत्र नराखेमा रु.५००|-<br><br>ग) तोकिएको समयभित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा रु. १,०००।—<br><br>घ) व्यवसाय संचालन गर्दा स्वीकृत सामग्री वाहेक अन्य सामग्री बिक्री वितरण गरेमा रु. ५००।— | |

| | | | | |
|---|---|---|---|---|
| | | ङ) गुणस्तरहिन सामग्रीहरु बेचबिखन गरेमा रु. ५,०००।— <br><br> च) म्याद नाघेमा सामग्रीहरु बेच बिखन गरेमा रु. ६,०००।— <br><br> छ) कालो बजारी गरेमा रु. ७,०००।— <br><br> ज) सामग्रीहरुको कृतिम अभाव देखाएमा रु. ८,०००।— <br><br> झ) प्रदुषित, फोहर, कुहिएको सामग्रीहरु बेचबिखन गरेमा रु. ५,०००।— | ङ) गुणस्तरहिन सामग्रीहरु बेचबिखन गरेमा रु. ५,०००।— <br><br> च) म्याद नाघेमा सामग्रीहरु बेच बिखन गरेमारु. १,०००।— <br><br> छ) कालो बजारी गरेमा रु. ७,०००।— <br><br> ज) सामग्रीहरुको कृतिम अभाव देखाएमा रु. ६,०००।— <br><br> झ) प्रदुषित, फोहर, कुहिएको सामग्रीहरु बेचबिखन गरेमा रु. ५,०००।— | |

(ग) गुल्मीदरबार गाउँपालिकाको सार्वजनिक खर्च मितव्यिता सम्बन्धी निर्देशिका, २०७७ को पहिलो संशोधनको

# तीन महले विवरण

| सि.नं. | दफा | भएको विवरण | संशोधन हुनुपर्ने | औचित्य र कारण |
|---|---|---|---|---|
| | **२.(ज)** | थप गर्नुपर्ने | "विशिष्ट व्यक्ति" भन्नाले गाउँपालिका अध्यक्षको मर्यादाक्रम भन्दा माथिल्लो दर्जामा रहेका व्यक्तिलाई बुझ्ननुपर्दछ। | परिभाषामा नपरेको हुँदा |
| १ | ८ | आर्थिक सहायता वितरण सम्बन्धी मापदण्ड | हटाउनुपर्ने | आर्थिक सहायता वितरण सम्बन्धी छुटै कार्यविधि निर्माणको चरणमा रहेको हुँदा |
| २ | ९.(ङ) (१) | कार्यालयको नाममा दर्ता भएको वा कर्मचारीको निजी सवारी साधन (विल बुक र सवारी चालक अनुमती पत्र भएको) सवारी साधनमा एकमुष्ठ मासिक १० लिटर का दरले । यसरी इन्धन सुविधा प्राप्त गर्ने कर्मचारीले अनिवार्य लगबुक भरी पेश गर्नुपर्नेछ । | कार्यालयको नाममा दर्ता भएको वा कर्मचारीको निजी सवारी साधन (विल बुक र सवारी चालक अनुमती पत्र भएको) सवारी साधनमा एकमुष्ठ मासिक १० लिटरका दरले। | दुई पांग्रे सवारी साधनको लगबुक भर्ने कार्य व्यवहारिक नभएकोले |
| | ९.(ङ) (१) | विहान बेलुका तथा कार्यालय समयमा फिल्डमा खटिने गाउँपालिकाको प्राविधिक कर्मचारी (इन्जिनियर, सव इन्जिनियर, असिस्टेन्ट सव इन्जिनियर, | विहान बेलुका तथा कार्यालय समयमा फिल्डमा खटिने गाउँपालिकाका प्राविधिक | बढि मात्रामा फिल्डमा खटिने तथा खटाइने कर्मचारीलाई अतिरिक्त इन्धनको सुविधा |

| | | | | |
|---|---|---|---|---|
| | | कृषि तथा भेटनरी प्राविधिक) हरुको हकमा **कार्तिक मसान्तसम्म** प्रति महिना १५ लि. र मार्ग देखि आषाढ मसान्त सम्म मासिक २० लिटरका दरले इन्धन उपलब्ध हुनेछ। वडा कार्यालयको प्राविधिक कर्मचारीलाई फिल्डमा खटिएको अवस्थामा मासिक ५ (पाँच) लिटर इन्धन उपलब्ध गराईनेछ। | कर्मचारी (पुर्वाधार तर्फका इन्जिनियर, सव इन्जिनियर, असिस्टेन्ट सव इन्जिनियर) हरुको हकमा **कार्तिक मसान्तसम्म** प्रति महिना १५ लि. र मार्ग देखि आषाढ मसान्त सम्म मासिक २० लिटरका दरले इन्धन उपलब्ध हुनेछ। वडा कार्यालयको प्राविधिक कर्मचारीलाई फिल्डमा खटिएको अवस्थामा मासिक ५ (पाँच) लिटर इन्धन उपलब्ध गराईनेछ। | प्रदान गर्न मनासिब देखिएकोले |
| ३ | ९.(ङ) (४) | सम्बन्धित महिनामा इन्धन सुविधा नलिएको अवस्थामा अर्को महिनामा अघिल्लो महिनाको थप इन्धन सुविधा उपलब्ध गराईने छैन । | सम्बन्धित महिनामा इन्धन सुविधा नलिएको अवस्थामा अर्को महिनामा अघिल्लो महिनाको थप इन्धन सुविधा उपलब्ध गराईने छैन।तर मासिक ५ लि. पाउने हकमा लागुहुनेछैन्। | पेट्रोल पम्प तम्घाससमा रहेको हुँदा ५ लि. मात्र लिन जाँदा इन्धनको बचत नहुने भएको हुँदा ५ लि. पाउनेको हकमा दुई महिनाको संकलन गरि लिएर जान पाउने व्यवस्था गरिएको |
| ४ | ९.(ङ) (७) | सवारी संचालन र फिल्डमा जाँदाको वखतको अनिवार्य लगबुक भर्नुपर्नेछ र फिल्ड प्रगती प्रतिवेदन समेत बुझाउनु पर्नेछ । | हटाउनुपर्ने | कार्यविधिले व्यवस्था गरे बमोजिमको नियमित कोटाको लकबुक भर्न आवश्यक नदेखिएको |
| | ११ | वार्षिक मर्मत खर्च खरिद गरेको ५ बर्ष अवधि पुगेको भए अधिकतम १००००।दरले उपलब्ध गराउने (मर्मत गरेको विल पेश भएमा, चैत्र महिनामा) । | वार्षिक मर्मत खर्च खरिद गरेको ५ बर्ष अवधि पुगेको भए अधिकतम १२००० दरले उपलब्ध गराउने (मर्मत गरेको विल पेश भएमा) । | ५ बर्ष अवधि पुगेको मोटरसाईकलहरुको मर्मत खर्च बढी लाग्ने देखिएकोले |
| ५ | 17(घ) | गाउँ कार्यपालिकाको बैठक, सभाको बैठक, पालिकाको विभिन्न समितिहरुको बैठक तथा कर्मचारीहरुको बैठकमा चिया खाजा बढिमा प्रतिव्यक्ति रु १५० (एक सय पचास) भित्र रहने गरी व्यवस्थापन गर्ने । | गाउँ कार्यपालिकाको बैठक, सभाको बैठक, पालिकाको विभिन्न समितिहरुको बैठक तथा कर्मचारीहरुको बैठकमा चिया खाजा बढिमा | समयानुसार संघीय तथा प्रदेश नर्म्स अनुसार बजार मुल्यलाई आधार मानी |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रतिव्यक्ति रु २०० (दुई सय) भित्र रहने गरी व्यवस्थापन गर्ने। | |
| ६ | १८(२) तालिम गोष्टी सेमिनार | पदीय जिम्मेवारीमा रहेका जनप्रतिनिधि र कर्मचारीलाई सार्वजनिक बिदा बाहेक कार्यालय समयमा संचालित गोष्ठी तालिमको सहजकर्ता, विज्ञको रुपमा खटिदा कार्यालयको सेवा प्रवाहलाई बाधा नपर्ने गरी एउटा सेसन मात्र लिनु पर्नेछ । | पदीय जिम्मेवारीमा रहेका जनप्रतिनिधि र कर्मचारीलाई सार्वजनिक बिदा बाहेक कार्यालय समयमा संचालित गोष्ठी तालिमको सहजकर्ता, विज्ञको रुपमा खटिदा कार्यालयको सेवा प्रवाहलाई बाधा नपर्ने गरी २ सेसन मात्र लिनु पर्नेछ। | दुई वटा सेसनसम्म सहजकर्ता तथा विज्ञको रुपमा खटिदा कार्यालयको सेवा प्रवाहलाई बाधा नपर्ने |
| ७ | १८(४) | कार्यपत्र कम्तिमा १५०० (एक हजार पाँच सय) शब्दको हुनुपर्नेछ । सो कार्यपत्र व्याण्डिङ्ग गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । (पारदर्शक पाना वा प्रस्तुतिकरण टिपोटको फोटोकपी कार्यपत्रमा मान्य हुनेछैन ।) | कार्यपत्र कम्तिमा ७५० (सात सय पचास) शब्दको हुनुपर्नेछ। सो कार्यपत्र व्याण्डिङ्ग गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । (पारदर्शक पाना वा प्रस्तुतिकरण टिपोटको फोटोकपी कार्यपत्रमा मान्य हुनेछैन ।) | संघीय सरकारले बनाएको मापडण्ढ अनुसार गरिएको |
| ८ | १८(५) | तालिम कार्यक्रमको प्रस्ताव र प्रतिवेदन कम्तिमा १००० (एक हजार) शब्दको हुनुपर्नेछ । | तालिम कार्यक्रमको प्रस्ताव र प्रतिवेदन कम्तिमा ७५० (सात सय पचास) शब्दको हुनुपर्नेछ । | संघीय सरकारले बनाएको मापडण्ढ अनुसार गरिएको |
| ९ | १८(७) | • बाह्य प्रशिक्षक प्रति सेसन कार्यपत्र सहित जम्मा रकम रु. २५००।-<br>• बाह्य प्रशिक्षक प्रतिसेसन कार्यपत्र बाहेक जम्मा रकम रु. २०००।-<br>• आन्तरिक प्रशिक्षकः कार्यपत्र सहित प्रशिक्षण शुल्क प्रति सेसन रु. २०००।-<br>• आन्तरिक प्रशिक्षक कार्यपत्र बाहेक प्रशिक्षण शुल्क प्रति सेसन रु. १५००।-<br>• कार्यक्रम संयोजक भत्ता प्रतिदिन रु १०००। बढीमा ३ दिनसम्मको मात्र<br>• सहभागी स्टेशनरी रु ७५।- | • बाह्य प्रशिक्षक प्रति सेसन कार्यपत्र सहित जम्मा रकम रु. २५००।-<br>• बाह्य प्रशिक्षक प्रतिसेसन कार्यपत्र बाहेक जम्मा रकम रु. १५००।-<br>• आन्तरिक प्रशिक्षकः कार्यपत्र सहित प्रशिक्षण शुल्क प्रति सेसन रु. २०००।-<br>• आन्तरिक प्रशिक्षक कार्यपत्र बाहेक | संघीय सरकारले बनाएको मापडण्ढ अनुसार गरिएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • तालिम सामग्री रु ५०० प्रतिसेसन, जतिसुकै सेसन भएपनि अधिकतम रु ३०००। <br>• तालिममा सहभागी आतेजाते यातायात खर्च बढीमा रु. ३०० (वडा नं. ३, ४ र ७) रु ४०० (वडा नं. ५ र ६) र रु. ५००।- (वडा नं. १ र २) | प्रशिक्षण शुल्क प्रति सेसन रु. 000000000000000 <br>• कार्यक्रम संयोजक भत्ता प्रतिदिन रु १०००। बढीमा ३ दिनसम्मको मात्र <br>• सहभागी स्टेशनरी रु १००।- <br>• तालिम सामग्री रु ५०० प्रतिसेसन, जतिसुकै सेसन भएपनि अधिकतम रु २५००। <br>• तालिममा सहभागी आतेजाते यातायात खर्च बढीमा रु ४०० (वडा नं. ३, ४ र ७) रु ५०० (वडा नं. ५ र ६) र रु ६००।- (वडा नं. १ र २) | |
| | | १० | १८(५) | • अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष (वडास्तरीय तालिमको लागि मात्र),शाखा प्रमुखले तालिम कार्यक्रमको अनुगमन गरेमा अनुगमन भत्ता प्रतिदिन रु १०००।– पाउनेछन् । अनुगमन प्रतिवेदन अनुसूची-१ बमोजिम हुनेछ । | हटाउनुपर्ने | कार्यक्रमको अनुगमन गरेमा अनुगमन भत्ता लिने व्यवस्था नभएको |
| | | ११ | १९(क) | बैठक, तालिम, गोष्ठी, सेमिनार गर्दा निम्नानुसारको खाजा/खाना खर्च गर्नुपर्नेछ । <br>(१) खाजा १५० (२) चिया रु. २० (३) पानी १ बोत्तल रु २० (४) सादा खाना रु. १५० र मासु खाना सेट रु ३००।- | बैठक, तालिम, गोष्ठी, सेमिनार गर्दा निम्नानुसारको खाजा / खाना खर्च गर्नुपर्नेछ। <br>(१) चिया र खाजा २०० (२) पानी १ बोत्तल रु २० (३) सादा खाना रु. २०० र मासु खाना रु ३५०।- | समयानुसार मंङ्गि वृद्धिभएको कारण पहिलेको रकम नपुग रहेको हालको बजार मूल्य अनुसार समायोजन गरिएको |
| | | १२ | १९(ग) | विशिष्ट पाहुना, विदेशी पाहुना उपस्थित कार्यक्रममा खाजा खाना सामान्यतया रु १५००।- भन्दा बढी हुने छैन । | विशिष्ट पाहुना, विदेशी पाहुना उपस्थित कार्यक्रममा खाजा खाना | समयानुसार महंगी वृद्धिभएको कारण अतिथि सत्कारको |

| | | | | |
|---|---|---|---|---|
| | | | सामान्यतया प्रतिव्यक्ति रु २०००।- भन्दा बढी हुने छैन। | लागि हालको बजार मूल्य अनुसार समायोजन गरिएको |
| १३ | २० | थप गर्नुपर्ने | ठेक्का सम्बन्धी सूचनाको अधिकतम ३०,०००।– भुक्तानी गर्न सकिनेछ । | पत्रपत्रिका सूचना प्रकाशन वापतको खर्चलाई नियन्त्रण गर्न अधिकत सिमा निर्धारण गरिएको |
| १४ | २२ | थप गर्नुपर्ने | **प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धमाः** गाउँपालिकामा कार्यरत पूर्वाधार तर्फका प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता देहाय अनुसार हुनेछः<br>(क) इन्जिनियर – छैठौं तहको लागि अधिकतम मासिक रु ८०००।– सम्म<br>(ख) सव-इन्जिनियर, अ.सव-इन्जिनियर (पाँचौ तथा चौथो तह) को लागि अधिकतम मासिक रु ६७००।– सम्म | पूर्वाधार तर्फ कार्यरत प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता हाल निर्धारण नभएकोले निर्धारण गर्न आवश्यक रहेकोले थप गरिएको |
| १६ | २३ | थप गर्नुपर्ने | **सभा संचालन सचिवालयमा खटिने कर्मचारीको भत्ता सम्बन्धमाः**<br>गाउँपालिकाको न्यूनतम २ वटा गाउँसभा संचालन गर्दा अतिरिक्त समय सेवा गर्नुपर्ने भएकोले सभा सचिवालयमा खटिने कर्मचारीहरुलाई देहाय अनुसारको अतिरिक्त भत्ताको व्यवस्थापन गरिनेछ।<br>(क) गाउँसभा सचिवालयमा अधिकतम १५ जनासम्म विभिन्न | गाउँपालिकाको विभिन्न समयमा संचालन हुने सभालाई व्यवस्थित तरिकाले संचालन गर्नको लागि सभा संचिवालयमा खटिने कर्मचारीको संख्या तथा सेवा सुविधा सम्बन्धमा स्पष्ट व्यवस्था नभएकोले यो दफा थप गर्न आवश्यक रहेको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | तहका कर्मचारीलाई खटाउन सकिनेछ। (ख) सभा सचिवालयमा खटाइएका कर्मचारीलाई निजको तलब स्केल अनुसार अधिकतम २.५ महिना बराबरको अतिरिक्त भत्ता उपलब्ध गराइनेछ। | |
| ५ | गाउँपालिकाका हरेक वडाभित्र रहेका स्वास्थ्य संस्थाबाट नागरिकको स्वास्थ्य सेवा पहुँचमा अलिकति समस्या देखिएको तथा तत् तत् स्थानमा सेवा प्रवाहको लागि भौतिक संरचना समेत रहेको हुँदा वडा नं. २ को काभ्रेपोखरी, वडा नं. ४ को रुमपोखरा र वडा नं. ६ को भलाचौरमा सामुदायीक स्वास्थ्य सेवा इकाई स्थापना गर्ने। सेवा इकाईको सेवा प्रवाहको लागि वडा नं २ र वडा नं ४ अन्तरगत तत् तत् वडाका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु अन्यत्र काजमा खटिएको हुँदा निजहरुको काज फिर्ता गरी दरबन्दी व्यवस्थापन गर्ने तथा वडा नं ६ को भलाचौरको लागि एकजना अहेब (सहायक चौथो) पदको पदपुर्तिको लागि प्रकृया अगाडी बढाउने। | | | | | |
| ६ | शिक्षण सिकाई अन्तर्गत विद्यार्थी संख्याको आधारमा दरबन्दी नपुगेका विद्यालयमा संघीय अनुदान स्वरुप प्राप्त माध्यमिक तहको अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षकको दरबन्दी सम्बन्धमा यस अघि २ वटा दरबन्दी प्राप्त गरेका श्री नरहरी कँडेल मा.वि., श्री पदम बहादुर मा.वि., श्री राजारुन्खा मा.वि. र श्री शारदा मा.वि.मा १/१ वटा दरबन्दी उपलब्ध गराउने र कुनैपनि दरबन्दी प्राप्त नगरेको श्री ठूलोपोखरा मा.वि.लाई ३ वटा दरबन्दी उपलब्ध गराउने साथै पदपूर्तिको प्रकृया अगाडी बढाउन समेत अनुमति प्रदान गर्ने निर्णय गरियो । | | | | | |
| ७ | समग्र गाउँपालिकाका विभिन्न कार्यालयबाट प्राप्त हुन आम्दानीलाई एकिकृत रुपमा राजश्व खातामा दाखिला गर्न देहाय बमोजिम गर्नेः<br>• वडा कार्यालय तथा स्वास्थ्य संस्थाले आफ्नो संरचना भाडामा लगाएको भए त्यसबाट प्राप्त रकम समेत राजश्व खातामा दाखिला गर्ने।<br>• स्वास्थ्य संस्थाले वहिरंग सेवा लिन आउने बिरामीबाट लिने शुल्क नयाँको लागि रु १० र पुरानोको लागि रु ५ लिई राजश्व खातामा दाखिला गर्ने र स्वास्थ्य चौकीहरुलाई सञ्चालन खर्च वापत वार्षिक रुपमा रु.२५०००।- उपलब्ध गराउने ।<br>• स्वास्थ्य आमा समूहरुलाई मासिक बैठक सञ्चालनका लागि प्रति बैठक रु.५००।-बैठक सञ्चालन खर्च उपलब्ध गराउने ।<br>• ल्याव सेवा संचालन भएका स्वास्थ्य संस्थाले विभिन्न परिक्षणबाट प्राप्त हुने शुल्क समेत राजश्व खातामा दाखिला गर्ने ।<br>• वडा कार्यालय तथा स्वास्थ्य संस्थाले प्राप्त गर्ने जुनसुकै रकम राजश्व खातामा दाखिला गर्ने। | | | | | |
| ८ | विविध विषयमा गरिएका निर्णयहरुः<br>क. गाउँपालिकाको आम्दानी बृद्धि गराउनको लागि गाउँपालिका, वडा कार्यालयले देहाय बमोजिम गर्नेः<br>➢ गाउँपालिका भित्रका विभिन्न स्थानबाट संकलन, उत्खनन् हुने निर्माण सामाग्रीको रोयल्टी खुलाउने र तोकिएको दररेट अनुसार शुल्क लिई अनुमती दिने,<br>➢ रुख कटानमा तोकिएको शुल्क अनिवार्य लिने,<br>➢ कृषि तथ पशुजन्य सामाग्रीको निर्यातमा तोकिएको कर शुल्क लिने,<br>➢ अनाधिकृत वा स्वीकृति नलिईकन उत्खनन्, ओसारपसार तथा कारोवार गरेको पाइएमा जरिवाना लगाउने। | | | | | |

| | |
|---|---|
| | ख. मिति २०८१/५/११ गते भएको प्रध्यानाध्यापकसँगको बैठकले गरेका निर्णयहरु अनुमोदन गरी कार्यान्वयनमा लैजाने।<br>ग. आन्तरिक आय तर्फ ढुंगा, गिटी तथा बालुवाको लागि सूचना प्रकाशन गरिएकोमा कुनै पनि प्रस्ताव नपरेको हुँदा पुनः एकपटक सूचना प्रकाशन गर्ने।<br>घ. गुल्मीदरबार गाउँपालिका वडा नं १ स्थित श्री उज्यालादेवी प्रा.वि.मा विद्यार्थी संख्या नहुँदा उक्त विद्यालय बन्द हुने स्थितिमा गएको, त्यहाँ कार्यरत बालशिक्षकले राजिनामा समेत दिनुभएको हुँदा सो विद्यालयको बालशिक्षकको दरबन्दीलाई बढी बिद्यार्थी संख्या रहेको सोही वडाको श्री पदम बहादुर मा.वी.मा मिनान गर्ने। त्यसैगरी उज्यालादेवी प्रा.वि.मा कार्यरत कार्यालय सहयोगीलाई नजिकै रहेको श्री रैनादी प्रा.वि.मा काजमा खटाइ व्यवस्थापन गर्ने।<br>ङ. सडक मर्मत सम्भार सम्बन्धी कार्यको लागि गाउँपालिका तथा वडा अन्तरगत विनियोजित बजेटको सीमा भित्र रहेर मर्मत गर्नुपर्ने सडकको सम्बन्धित वडा तथा उपभोक्ता समितिसँग समन्वय गरी प्राविधिकहरुद्वारा लगत इस्टिमेट तयार गरी सोही अनुसार सम्झौता गर्ने र सम्झौता बमोजिम काम गराइ यसै वर्षको दशैं तिहार अगावै मर्मत सम्बन्धी कार्य सम्पन्न गरी मुल्याङ्कन प्रतिवेदन अनुसार भुक्तानी हुने व्यवस्था गर्ने । सडक मर्मत सम्बन्धी सम्झौताको पुनःम्याद थप नहुने । |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत